# स्वत: प्रकाशन(Proactive Disclosure)

**(सूचनाको हक सम्वन्धी ऐन २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको)**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ

वीरेन्द्रनगर, सुर्खेत

**२०८३ वैशाख २ गते**

**फोन नं ०८३-५२५३२४**

**इमेल:pmamp.piu.surkhet@gmail.com**


२०८२ साल माघ १ गते देखि २०८२ साल चैत्र मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

**परियोजना कार्यान्वयन एकाइ सुर्खेतको स्वरुप र प्रकृति**

कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्ग चित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीहरुको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था लगायतका क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० वर्ष अवधिको लागि लागू भएको छ। परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब रुपैयाँ प्रक्षेपण गरिएको छ । कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस परियोजनाको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्‍याउने रहेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले परियोजनाको शूरुवाती वर्ष आ.व.२०७३/७४ देखि नै सुर्खेत जिल्लाको विरेन्द्रनगर नगरपालिका वडा नं. १४,१५ र १६, भेरीगंगा नगरपालिका वडा नं. १ देखि १३, लेकवेशी नगरपालिका वडा नं. १ देखि १०, गुर्भाकोट नगरपालिका वडा नं. १ देखि १४, चिङ्गाड गाउँपालिका वडा नं. १ देखि ६, सिम्ता गाउँपालिका वडा नं. १ देखि ९, वराहताल गाउँपालिका वडा नं. १ देखि १०, पञ्चपुरी नगरपालिका वडा नं. १ देखि ११ र चौकुने गाउँपालिका वडा नं १ देखि १० सम्म अदुवा बेसार बालीको जोन विकास कार्यक्रम संचालनमा रहेको छ । आ.व.२०७६/७७ देखी पञ्चपुरी नगरपालिका वडा नं. २,३,४,५,६,८ र ९,वराहताल गाउँपालिका वडा नं. ५,६ र ७ ,चौकुने गाउँपालिका वडा नं ७,८ मा तरकारी जोन क्षेत्र संचालन हुँदै आईरहेको छ भने आ.व.२०७८/७९ देखी लेकवेशी नगरपालिकाको वडा नं १ देखि १० सम्म, गुर्भाकोट नगरपालिकाको १,२,३,४,९,१०,११,१२,१३ र १४ मा मकै जोन क्षेत्र थप भई कृषकहरूको आयआर्जन वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन । यसै गरि दैलेख जिल्लामा डुङ्गेश्वर गाउँपालिका वडा नं. २,३ र ५ , गुराँस गाउँपालिका वडा नं ३ देखि ८ सम्म आलु जोन क्षेत्र, दुल्लु नगरपालिका वडा नं. १ देखि १३ सम्म ,भैरवी गाउँपालिका वडा नं. ३ देखि ७ सम्म सुन्तला जात फलफूल जोन क्षेत्र र नारायण नगरपालिकाको वडा नं ४ र १०, चामुन्डा बिन्द्रासैनी नगरपालिकाको १ देखि ३ सम्म, भैरवी गाउँपालिका वडा नं. ६ र ७ सम्म र महाबु गाउँपालिका वडा नं. ३ देखि ६ सम्म बाख्रा जोन विकास कार्यक्रम संचालन गर्दै आएकोमा आ व २०८१/०८२ देखि दुल्लु नगरपालिका वडा नं. १,२ र ५ , नारायण नगरपालिकाको वडा नं २,३ र ७ भैरवी गाउँपालिका वडा नं. १,२ र ३ का साथै गुराँस गाउँपालिका वडा नं ५ र ६ मा तरकारी जोनको पनि कार्य क्षेत्र थप भई जोन विकास कार्यक्रम संचालन भईरहेको छ ।

**कार्यालयको संगठन संरचना**



## कार्यालयको अस्थायी स्वीकृत दरवन्दी

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार मातहत सञ्चालित देहायमा उल्लेखित परियोजनाको लागि आ.व. २०८१/८२ को २०८१ श्रावण १ गते देखि २०८२ असार मसान्तसम्मको लागि विनियोजित बजेटबाट तलब भत्ता उपलब्ध गराउने गरी निम्न बमोजिमको सेवा/समूहको लागि अस्थायी दरबन्दी स्वीकृतिका लागि प्रस्ताव गरिएको छ ।

आयोजनाको नाम:- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

आयोजना रहेको स्थान:- ललितपुर ।

आयोजना हाक्ने स्थान:- नेपालभित्र

आयोजना शुरु भएको मिति:- आ.व. २०७३/०७४

आयोजना सम्पन्न हुने मिति:- आ.व. २०८२/०८३

विदेशी सहयोग भएको/नभएको:- नभएको

परियोजना कार्यान्वयन एकाई, सुर्खेत ।

| दरबन्दी विवरण | | | | | गत आ.व. ०८०/८१ मा कायम रहेको दरबन्दी संख्या | दरबन्दी स्वीकृत हुने आ.व. ०८१/८२ को दरबन्दीमा | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | पद | श्रेणी | सेवा | समूह | | नयाँ सृजना हुने | कटौती | प्रस्तावित जम्मा | |
| १ | वरिष्ठ कृषि अधिकृत | रा.प.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | ० | ० | १ | स्थायी कर्मचारीबाट पदपूर्ति हुने |
| २ | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | २ | ० | ० | २ | |
| ३ | नायब सुब्बा | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० | ० | १ | |
| ४ | लेखापाल | रा.प.अनं.प्र.प्र. | नेपाल प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ५ | नायब प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | ४ | ० | ० | ४ | स्थायी/करार कर्मचारीबाट पदपूर्ति हुने |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | १ | ० | ० | १ | |
| ७ | हलुका सवारी चालक | श्रेणीविहिन | नेपाल ईन्जि. | मे.ई. | १ | ० | ० | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | ० | ० | २ | |
| | जम्मा | | | | १३ | ० | ० | १३ | |
| जोन प्राविधिक एकाइ, दैलेख | | | | | | | | | |
| १ | कृषि अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | १ | ० | ० | १ | स्थायी कर्मचारीबाट पदपूर्ति हुने |
| २ | पशु विकास अधिकृत | रा.प.तृ.प्रा. | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० | ० | १ | |
| ३ | नायब प्राविधिक सहायक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | ४ | ० | ० | ४ | स्थायी/करार कर्मचारीबाट पदपूर्ति हुने |
| ४ | नायब पशु सेवा प्राविधिक | रा.प.अनं.द्वि.प्रा. | नेपाल कृषि | समूहकृत नहुने | २ | ० | ० | २ | |
| ५ | कार्यालय सहयोगी | श्रेणीविहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | ० | ० | १ | |
| | जम्मा | | | | ९ | ० | ० | ९ | |
| | कुल जम्मा | | | | २२ | ० | ० | २२ | |

**पेश गर्ने**

नाम थर: दिपक कुमार थापा

पद: उपसचिव

कार्यालय: कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**विवरण जाँच गर्नेको**

नाम थर: मदन भुजेल

पद: शाखा अधिकृत

कार्यालय: कृषि तथा पशुपन्छी विकास मन्त्रालय

**विवरण प्रमाणित तथा सिफारिस गर्ने**

सचिव: डा. दिपक कुमार खराल, कृषि तथा पशुपन्छी विकास मन्त्रालय

उपसचिव: रुप नारायण खतिवडा, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

उपसचिव: दिलिप के.सी., अर्थ मन्त्रालय

शाखा अधिकृत: सुदिप उपाध्याय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| १. स्थायी कर्मचारीको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ति अवस्था | कर्मचारीहको नाम | क.स.नं. | सेवा/ समूह | हालको कार्यालयमा सरुवा /हाँजिर भएको मिति | शुरु नियुक्ति मिति | हालको पदमा वढुवा भएको मिति | सम्पर्क नं | ईमेल |
| १ | बरिष्ठ कृषि अधिकृत | १ | १ | **डा. धर्म राज गिरी** | **२००९९३** | नेपाल कृषि/ समूहकृत नहुने | २०८१.११.२८ | २०६९.०४.२३ | २०८०.१२.१३ | **९८४५१४५०३१** | pmamp.piu.surkhet@gmail.com |
| २ | कृषि अधिकृत | ३ | १ | भिम पाण्डे | २२५५०५ | नेपाल कृषि/ समूहकृत नहुने | २०८१.१२.०१ | २०७४.०९.१८ | २०७४.०९.१८ | **९८५१२३०४५२** | bhimpandey11@gmail.com |
| ३ | | | १ | डिल्लीरमण गिरी | २३२२१९ | नेपाल कृषि/ समूहकृत नहुने | २०८२.०८.०४ | २०७५.०७.२० | २०७५.०७.२० | **९८४४८०५१३८** | ramangiri464@gmail.com |
| ४ | | | १ | कृष्णा कुमारी न्यौपाने | १९३९१५ | नेपाल कृषि/ समूहकृत नहुने | २०८२.०३.२० | २०६६.०८.०१ | २०८२.०३.११ | **९८४४८५९४०१** | |
| ५ | पशु विकास अधिकृत | | १ | पदम प्रसाद न्यौपाने | १६१२०३ | नेपाल कृषि/ समूहकृत नहुने | २०८२.०९.०२ | २०५५.१०.०६ | २०८२.०३.११ | **९८४८०४९३२१** | padamneupane03@gmail.com |
| ६ | नायव सुव्वा | १ | १ | शैलेन्द्र कुमार थापा | १९८१८० | नेपाल प्रशासन/सामान्य प्रशासन | २०८२.१०.०२ | २०६७.१२.१३ | २०७९.०९.२७ | **९८४८०४१७५१** | sailendrathapa172@gmail.com |
| ७ | लेखापाल | १ | १ | राजवहादुर हमाल | २४१७२३ | नेपाल प्रशासन/लेखा | २०८१.०७.११ | २०५४.१२.०६ | २०६५.०४.१० | **९८४८०८४०६०** | hamalrajbahadur@gmail.com |

| २. करार कर्मचारीहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.सं. | पद | स्वीकृत दरबन्दी | पदपूर्ति अवस्था | कर्मचारीहरुको नाम | सेवा | समूह/उपसमूह | सम्पर्क नं | ईमेल |
| १ | कम्प्यूटर अपरेटर | १ | १ | सरिता थापा मगर | नेपाल विविध | | ९८६८०५६६३८ | saritathapamagar120@gmail.com |
| २ | नायव प्राविधिक सहायक | ८ | ८ | मिना कुमारी थापा | नेपाल कृषि | समूहकृत नहुने | ९८५८०४२५२२ | minathapa1@gmail.com |
| ३ | | | | कविता शाही | | | ९८६६६५५२७६ | kabitashahi@gmail.com |
| ४ | | | | विरवहादुर राना | | | ९८५८०७२४७२ | birrana12872@gmail.com |
| ५ | | | | डिलमाया खत्री | | | ९८४८१६२८६९ | dilmayakhatri@gmail.com |
| ६ | | | | कौशिला थापा | | | ९८४४८६७००६ | kausilathapa90@gmail.com |
| ७ | | | | नैनसिं कार्की | | | ९८४८८८१६१२ | ngkarki2@gmail.com |
| ८ | | | | सिता कुमारी योगी | | | ९८६४९२१९०७ | sitakumariyogi@gmail.com |
| ९ | | | | रमिता कुमारी विष्ट | | | ९८६५६१२९७२ | bistaramita45@gmail.com |
| १० | नायव पशु सेवा प्राविधिक | २ | २ | विष्णु वहादुर खड्का | नेपाल कृषि | समूहकृत नहुने | ९८४८११५१६२ | bahadurkhadkabishnu@gmail.com |
| ११ | | | | कमल वहादुर कार्की | | | ९८६६६०९२४२ | karkikamal502@gmail.com |
| १२ | हलुका सवारी चालक | १ | १ | शालिकराम थारु | ईन्जि | | ९८४८०३६७७६ | |
| १३ | कार्यालय सहयोगी | ३ | ३ | लक्ष्मी रोकाय | नेपाल प्रशासन | | ९८४८२२९८७५ | |
| १४ | | | | पदमवहादुर धामी | | | ९८६५६३८०४४ | |
| १५ | | | | जगत उपाध्याय | | | ९८६४७४०८०३ | |

| ३. परामर्श सेवाका कर्मचारी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | कर्मचारीहरुको नाम | पद | | सेवा | समूह/उपसमूह | सम्पर्क नं | ईमेल |
| १ | वेद प्रसाद चौलागाई | वालि संरक्षण विज्ञ | | | | ९८४८३०१८१७ | chaulagainbedprasad@gmail.com |
| २ | अन्जु दहाल | सामाजिक विकास विज्ञ | | | | ९८६९४१६१९८ | anjudahal2075@gmail.com |
| ३ | पशुपती गडेरी | कृषि ईन्जिनियर | | ईन्जिनियर | ईन्जि. | ९८४०३६३९६५ | pashupatigareri@gmail.com |
| ४ | महेन्द्र जोशी | सरसफाई सहयोगी | | विहीन | | ९८४८२९३१०४ | |
| ५ | रेशम चौधरी | | | | | ९७६५३६४०९९ | |

## कार्यविवरण

- भुमिको वैज्ञानिक उपयोग तथा बाँझो जग्गा सदुपयोगका लागि माटोको उर्वरा शक्ति र रबालीको उपयुक्तता अनुसार चक्लाबन्दी खेती कार्यक्रमलाई प्राथमिकता दिने।

- आधुनिक कृषि उत्पादन सामग्री, प्रशोधन प्रविधि एवं बालीवस्तु विशेष उन्नत र नविनतम प्रविधि अनुशरण, विकास र विस्तार गर्ने।
- श्रमशक्तिको अभाव र उतपादन लागत घटाउनका लागि कृषि यान्त्रिकीकरणमा जोड दिने।
- कृषिको रुपान्तरणका लागि प्रशोधन केन्द्र, माटो परीक्षण,प्लान्ट क्वारेन्टिन प्रयोगशालाको विकासका लाई सहयोग गर्ने।
- सिँचाइ पुर्वाधार विकास तर्फ कृषि सहकारी, समुह र कृषि उद्यमीहरुलाई साना सिँचाइ तथा मर्मत सम्भार र सञ्चालनमा प्रोत्साहन गर्ने।
- कृषि उपज बजारिकरणका लागि सहजिहरण गर्ने।
- पोष्ट हार्भेष्ट केन्द्रहरु स्थापना गरी कृषकलाई व्यसायिकरण गर्ने।
- कृषिमा साना औजार तथा उत्पादन सामग्रीहरु आपूर्तिका लागि सहजिकरण गर्ने।
- कृषिमा विभिन्न बालीबस्तुको अनुसन्धान र कृषि ज्ञानको प्रसार प्रसार गर्ने।

<u>कार्यालयको काम कर्तव्य र अधिकार</u>

- जोन विकासका लागि तय भएका नीति तथा कार्यक्रम कार्यान्वयन गराउने.
- परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमुखीकरण तथा क्षमता विकास गर्ने।
- सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक र जोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।
- बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।
- जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
- जोनमा भएका विद्यमान प्रविधि र पुर्वधारहरुको अभिलेख तयार गर्ने।
- जोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरुको विवरण अध्यावधिक गर्ने।
- परियोजनाको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने।
- जोन अन्तर्गतका सामुहिक खेती, सहकारी खेती करार खेती, र चक्लाबन्दी खेती प्रबर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने।
- जोन अन्तर्गत कृषि पुर्वाधारहरुको विकास गर्ने।
- परियोजनाका सरोकारवालाहरु (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने।
- परियोजनाको प्रगति नियमितरुपमा परियोजना व्यवस्थापन एकाइमा प्रतिवेदन गर्ने।

- परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन एकाइले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने।
- सम्भाव्यताको आधारमा जोन क्षेत्र विस्तारको लागि परियोजना व्यवस्थापन एकाइमा सिफारिस गर्ने।
- सञ्चालित जोन प्रोफाईल तयार गर्ने।
- जिल्लामा सञ्चालित पकेट, ब्लक र जोन विकास कार्यक्रमको लागि क्षेत्र निर्धारण, कार्यक्रम तर्जुमा, अनुसन्धान, तथ्याङ्क व्यवस्थापनको लागि परियोजनाको लागि परियोजनाको फोकल कार्यालयको रुपमा कार्य गर्ने।
- जोन सञ्चालनका लागि उपभोक्ताहरुको सहयोगमा आन्तरिक व्यवस्थापन विधि तयार गरी लागु गर्ने।
- कार्यक्रम तर्जुमा तथा कार्यान्वयनसँगको सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।

**कर्मचारीहरुले गर्नुपर्ने मुख्य कार्यहरु**

क) परियोजना कार्यान्वयन एकाइ अन्तर्गत जोन कार्यक्षेत्रमा कार्य गर्ने।

ख) स्थानीय तह लगायत अन्य सरोकारवाला निकाय सँग समन्वय गर्ने।

ग) सञ्चालन समन्वय समितिसँगको समन्वयमा परियोजनाको वार्षिक कार्यक्रम सञ्चालनमा सहयोग गर्ने।

घ) स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने।

ङ) जोन क्षेत्रका आधारभुत तथ्याङ्क संकलन गर्ने एवं सो को प्रोफाइल तयारीमा सहयोग गर्ने।

च) आकस्मिक बाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

छ) विपद, प्राकृतिक प्रकोप, कृषि /पशुपन्छी सम्वन्धी रोग एवं महामारी व्यवस्थापनमा सहजीकरण गर्ने ।

ज) कृषि विमा सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने।

झ) स्थलगत कृषक तालिमका लागि सहजीकरण गर्ने।

ञ) मासिक,त्रैमासिक र वार्षिक क्यालेण्डर तयार गरी कृषि सेवा उपलब्ध गराउने र प्रगति प्रतिवेदन परियोजना कार्यान्वयन एकाइमा पठाउने।

ट) अनुसन्धान पछि आएका नविनतम प्रविधिको जोन, प्रदेश र स्थानीय तहसँगको समन्वयमा अनुशरण र प्रचार प्रसार गर्ने

ठ) कृषि समुह, कृषि सहकारी र निजी उद्यमीहरु लाई कृषि व्यवसाय तर्फ उत्प्रेरित गर्ने।

ड) सूचिकृत, प्रस्तावना, सम्झौता र भुक्तानीको लागि प्रतिवेदन तयार गरी सिफारिस गर्ने।

**कार्यालयवाट प्रदान गरिने सेवाहरु**

| क्र.सं. | सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नु पर्ने विवरण | सेवा प्राप्त गर्न लाग्ने शुल्क | सेवा प्राप्त गर्न लाग्ने समय | सेवा दिने कर्मचारी | गुनासो सुन्ने अधिकारी | क्षतीपूर्ति प्राप्त हुने वा नहुने |
|---|---|---|---|---|---|---|---|
| १. | समूह/सहकारी/ कृषि उद्यमीहरुको सूचिकृत | निवेदन,बैठककोनिर्णय प्रतिलिपी, सदस्यहरुको विवरण फारम,दर्ता प्रमाणपत्रको प्रतिलिपी | नि:शुल्क | तत्काल | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| २. | जोन क्षेत्रको तथ्याङ्कअभिलेखिकरणतथा लाभ लागत अध्ययन बारे जानकारी | निवेदन | नि:शुल्क | तयारी अबस्थामा भएमा तत्कालै | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| ३. | माटो परीक्षण सेवा | निवेदन र माटोको नमूना | परीक्षण गरिने तत्व अनुसार लागत मूल्यको १५ प्रतिशत शुल्क लाग्ने | ३० दिन | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| ४. | सिंचाइ पुर्बाधार निर्माण तथा मर्मत सम्भार | रु १० को हुलाक टिकट सहितको निवेदन समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी योजना माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी निर्माणको अनुमानित लागत अनुमान सहितको लाभान्वित घरधुरी र सिंचित क्षेत्रफल सहितको फर्मेट अनुसारको प्रस्ताव | स्वीकृत वजेट अनुसार लागतको कम्तिमा१५ प्रतिशत तरपाइप, मोटर लगायतका सामाग्री खरिदमा ५०% सम्मसमुह/सहकारी उद्यमीहरुले व्यहोर्नु पर्नेछ | लक्ष्य अनुसार | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| ५. | कृषि वजार,भण्डारण, प्राथामिक प्रशोधन वा उद्योग स्थापना,पोष्ट हार्भेष्ट सेन्टर स्थापना सहयोग,स्थानीय तहसँगको लागत साझेदारीमा बीउ प्रशोधन/भण्डारण गृह निर्माण | रु १० को हुलाक टिकट सहितको निवेदन समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी योजना माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी निर्माणको अनुमानित लागत अनुमान र लाभान्वित विवरण सहितको प्रस्ताव पूर्वाधार निर्माण गरिने जमिनको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी र आफ्नो स्वामित्वमा नभई | स्वीकृत वजेट अनुसार लागतको कम्तिमा१५ प्रतिशत समुह/सहकारी/उद्यमीहरुले व्यहोर्नु पर्ने | दर्ता तुरुन्त र लक्ष्य अनुसार | १ कृषि अधिकृत २ ना.प्रा.स.. | बरिष्ठ कृषि अधिकृत | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | भाडामा लिएको अवस्थामा १० वर्ष सम्मको संझौता वा आधिकारिक मन्जुरीनामा गरेको कागजातको प्रतिलिपी | | | | | |
| ६. | **कृषि औजार उपकरण तथा**कृषि यान्त्रीकरण सहयोग,पशु नक्ष सुधार तथा उत्पादन बृद्दिकार्यक्रम,तरकारी बीउ तथा उत्पादन सामाग्री बितरण,व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम,उन्नत मकै बीउ बितरण,बीज बृद्धि कार्यक्रम,सुन्तलाबगैचा सुदृदिकरण कार्यक्रम,स्वदेशी हाइव्रिड मकै क्षेत्र विस्तार,PBS बाट बिउ आलु उत्पादन सहयोग कार्यक्रम | रु १० को हुलाक टिकट सहितको निवेदन समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी थान १ योजना माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी कृषि उपकरणको अनुमानित लागत अनुमान | स्विकृत वजेट अनुसार लागतको ५० प्रतिशत समुदाय वा उद्यमीबाट व्यहोर्नु पर्ने | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय अनुसार अनुदान उपलब्ध हुने | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | _ |
| ७. | स्थायी पलाष्टिक घर निर्माण,बाखा खोर निर्माण,स्वच्छ मासु पसल स्थापना सहयोग,बाखाको बाह्रिय परजिबि नियन्त्रणका लागि डिपिङ ट्यांक निर्माण,रष्टिक स्टोर निर्माण,सुन्तला भण्डारणको लागि सेलार स्टोर निर्माण,शुन्य शक्ति भण्डारण निर्माण,थ्रेसिङ्ग फ्लोर निर्माण,सुन्तलाजात फलफूल नर्सरी स्क्रिन घर निर्माण/श्रोतकेन्द्र स्थापना/सुदृढिकरण | रु १० को हुलाक टिकट सहितको निवेदन समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी थान १ उद्यमी कृषकको हकमा नागरिकताको प्रतिलिपी प्रतिफलमा आधारित अनुदान माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी सदस्यहरुको लक्षित वालीका लागि प्रयोग गरेको जमिनको क्षेत्रफल र लालपूर्जाको प्रतिलिपी र परियोजना कार्यान्वयन इकाईबाट उपलव्ध गराइएको फर्मेट | स्वीकृत वजेट अनुसार लागतको कम्तिमा१५ प्रतिशत समुह/सहकारी/उद्यमीहरुले व्यहोर्नु पर्ने | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय अनुसार अनुदान उपलब्ध हुने | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | _ |
| ८. | क्षेत्र विस्तार कार्यक्रम | रु १० को हुलाक टिकट सहितको निवेदन माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी | बीउ तथा सामाग्री लागत मूल्यको ५० प्रतिशत अनुदान | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय अनुसार अनुदान | १ कृषि अधिकृत. २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | _ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | उपलब्ध हुने | | | |
| ९. | नर्सरी श्रोत केन्द्र स्थापना सहयोग | रु १० को हुलाक टिकट सहितको निवेदन<br>समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>योजना माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी<br>निर्माणको अनुमानित लागत अनुमान<br>कृयाकलाप अनुसार उपलब्ध फर्मेट बमोजिमको विवरण | स्वीकृत वजेट अनुसार<br>स्वीकृत वजेट अनुसार लागतकोकम्तिमा१५% प्रतिशत समुह/सहकारी/उद्यमीहरुले व्यहोर्नु पर्ने | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय अनुसार अनुदान उपलब्ध हुने | १ कृषि अधिकृत<br>२ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| १० | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन बृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | रु १० को हुलाक टिकट सहितको निवेदन<br>समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी<br>योजना माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी<br>चक्लावन्दी हुने जमिनको लालपूर्जाको प्रतिलिपी<br>लागत अनुमान र उपलब्ध गराइएको फर्मेट बमोजिम तथ्याङ्क | एकलबाली(बीउ उत्पादन,बहुवर्षिय बाली तथा नगदे बाली) को तोके बमोजिमको क्षेत्र एउटै चक्लामा हुने गरी खेती गरिनु पर्ने। क्रियाकलाप अनुसार परियोजना कार्यान्वयन म्यानुअलमा व्यवस्था भए बमोजिम अनुदान उपलब्ध गराइने। | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय अनुसार अनुदान उपलब्ध हुने | १ कृषि अधिकृत<br>२ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| ११ | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम | रु १० को हुलाक टिकट सहितको निवेदन<br>कार्यक्रम संचालनका लागि लागत अनुमान सहितको प्रस्तावना र परियोजनावाट माग भए अनुसारका विवरणहरु | स्वीकृत वजेट अनुसार लागतको २५ प्रतिशत प्राविधिक शिक्षालयले व्यहोर्नु पर्ने | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय अनुसार अनुदान उपलब्ध हुने | १ कृषि अधिकृत.<br>२ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| १२ | वीउ श्रोत केन्द्र स्थापना सहयोग | रु १० को हुलाक टिकट सहितको निवेदन<br>समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपी थान १ | स्वीकृत वजेट अनुसार लागतको कम्तिमा१५ प्रतिशत लाभग्राहि वा उद्यमीबाट व्यहोर्नु पर्ने | दर्ता तुरुन्त,फिल्ड प्रमाणिकरण र प्राविधिक समितिको निर्णय | १ कृषि अधिकृत<br>२ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | योजना माग सम्वन्धी बैठकको निर्णय प्रतिलिपी<br>निर्माण र अन्य कार्यहरुको अनुमानित लागत अनुमान र बार्षिक विउ, विरुवा उत्पादन तथा विक्री परिमाण सहितको प्रस्ताव<br>पूर्वाधार निर्माण गरिने जमिनको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी | | अनुसार अनुदान उपलब्ध हुने | | | |
| १३. | स्थलगत तालिम,भ्रमण (उत्पादन प्रविधी, बजारीकरण, मूल्य शृंखला विकास | निवेदन र समूह/सहकारी को तालिम माग निर्णय को प्रतिलिपी | स्वीकृत कार्यक्रममा भएको नि:शुल्क र अन्यमा लागत अनुसार | सेवाको प्रकृति अनुसार | १कृषि अधिकृत २ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |
| १५. | प्राविधिक सहयोग | टेलिफोन वा मौखिक जानकारी वा निवेदन | निशुल्क | तुरुन्तै र स्थलगत अवलोकनमा लाग्ने समय अनुसार | १ कृषि अधिकृत २ ना.प्रा.स. | बरिष्ठ कृषि अधिकृत | – |

**उल्लेखित सेवाहरु लिन परियोजना कार्यान्वयन एकाइ सुर्खेतमा सूचिकृत कृषकहरुले परियोजनावाट प्रस्तावहरु आव्हान गरिएको अवधि भित्र निर्दिश्ट फारामहरु भरि आवेदन दिनु पर्नेछ ।**

सूचना दिने अधिकारीः कृषि अधिकृत श्री भिम पाण्डे सम्पर्क नं. ९८५१२३०४५२ , थप जानकारीका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ सुर्खेतको सम्पर्क नं. ०८३-५२४३२५, Website: piusurkhet.pmamp.gov.np, Email : pmamp.piu.surkhet@gmail.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । QR Code

**नागरिक वडापत्र**

**निर्णय गर्ने प्रक्रिया र अधिकारी**

सम्वन्धित सेवाग्राही वाट सेवा प्राप्त गर्न पेश गर्नु पर्ने विवरण प्राप्त भएमा परियोजना कार्यान्वयन म्यानुअल तथा प्रचलित कानूनको अधिनमा रहि कार्यालय प्रमुखवाट निर्णय हुने ।

**कार्यालय प्रमुखको र सूचना अधिकारी नाम, पद र मोवाईल नं**

कार्यालय प्रमुख: डा. धर्म राज गिरी

पद: वरिष्ठ कृषि अधिकृत

मोवाईल नं ९८५८०५५३२५

सूचना अधिकारी : **भिम पाण्डे**

पद: **कृषि अधिकृत**

मोवाईल नं: **९८५१२३०४५२**

**सम्पादन गरेका/ भईरहेका प्रमुख कामको विवरण**

सम्झौता सम्पन्न भै अधिकांश कार्यन्वयनको चरणमा रहेका छन भने केहि कार्यक्रम सम्पन्न भै भुक्तानी भैसकेका छन्।

**आम्दानी खर्च तथा आर्थिक कारोवारको अद्यावधिक विवरण**

**आ. व. २०८२/८३ को तेस्रो त्रैमासिक अवधिको कार्यक्रम तर्फको भारित तथा वित्तीय प्रगति स्थिति**

| क्र.स. | कार्यक्रम कार्यान्वयन इकाई | तेश्रो त्रैमासिक | | | तेश्रो त्रैमासिक | | | तेस्रो त्रैमासिक प्रगति | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजित | | | खर्च | | | भारित प्रगति | | | वित्तीय प्रगति प्रतिशत | | |
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा |
| १ | सुर्खेत | ४८.०० | ३१६.५८ | ३६४.५८ | २१.०० | १६९.८६ | १९०.८६ | ५८.३३ | ५७.४४ | ५७.५६ | ४३.७५ | ५३.६५ | ५२.३५ |

**आ. व. २०८२/८३को नौ महिना अवधिको कार्यक्रम तर्फको भारित तथा वित्तीय प्रगति स्थिति**

| क्र.स. | कार्यक्रम कार्यान्वयन इकाई | नौ महिना | | | नौ महिना | | | नौ महिना | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विनियोजित | | | खर्च | | | भारित प्रगति | | | वित्तीय प्रगति प्रतिशत | | |
| | | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा | पूँजीगत | चालु | जम्मा |
| १ | सुर्खेत | ४८.९२ | ४७६.०७ | ५२४.९९ | २१.९१ | २६९.५२ | २९१.४३ | ५९.१२ | ६५.०६ | ६४.५० | ४४.७९ | ५६.६१ | ५५.५१ |

**कार्यालयले गरेका कार्यक्रम तथा सोको प्रगति प्रतिवेदन**

## आ.व. २०८२/८३ को नौ महिना अवधिका मुख्य उपलब्धिहरु

| क.स. | सम्पन्न मुख्य मुख्य कार्यक्रमहरु | सम्पन्न भएका कार्यक्रमको मुख्य मुख्य उपलब्धीहरु |
|---|---|---|
| १ | मकै क्षेत्रविस्तार कार्यक्रम | ७८.५ हेक्टर क्षेत्रफलका लागि २९ वटा सम्झौता |
| २ | साना सिंचाई निर्माण तथा मर्मत | ७१ वटा सम्झौता, २५ वटा निर्माण सम्पन्न भई भुक्तानी भईसकेको (३८.०५ हे. मा सिंचाई विस्तार) |
| ३ | उद्यमशीलता विकास कार्यक्रम | १६ वटा सम्झौता, १ वटा कार्यक्रम सम्पन्न भई भुक्तानी भईसकेको |
| ४ | चक्लाबन्दीमा आधारित खेती कार्यक्रम | १० हे. आलु र २४ हे. अदुवा/बेसार खेतीका लागि ४ वटा सम्झौता |
| ५ | व्यवसायिक प्याज प्रवर्द्धन कार्यक्रम | ७ वटा सम्झौता भएका, ६.७ हेक्टर प्याज खेती वापत रकम भुक्तानी भईसकेको |
| ६ | बाख्रा खोर निर्माण कार्यक्रम | २५ वटा आधुनिक बाख्राखोर निर्माणका लागि सम्झौता |
| ७ | पशु नश्ल सुधार कार्यक्रम | २० वटा ५०% बोयर बोका खरिदका लागि सम्झौता, २ वटा भुक्तानी भईसकेको |
| ८ | नर्सरी स्रोत केन्द्र स्थापना | ७ वटा तरकारी तथा २ वटा सुन्तला नर्सरीका लागि सम्झौता, ३ वटाको भुक्तानी भईसकेको |
| ९ | प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | मकैबालीका लागि २ वटा थ्रेसिङ फ्लोर र अदुवा/बेसारका लागि १ वटा greenhouse drying unit निर्माणका लागि सम्झौता, २ वटा थ्रेसिङ फ्लोर निर्माण भई भुक्तानी भईसकेको |
| १० | प्राविधिक शिक्षालयसंग व्यवसायिक कृषि उत्पादन सहयोग कार्यक्रम | १ वटा सम्झौता |
| ११ | आलुको क्षेत्रफल विस्तार कार्यक्रम | ३०.७ हे. क्षेत्रफलका लागि १६ वटा सम्झौता, २६.३५ हेक्टर वापतको रकम भुक्तानी भईसकेको |
| १२ | तरकारी बालीको क्षेत्रफल विस्तार कार्यक्रम | ९३.३ हे. क्षेत्रफलका लागि ४० वटा सम्झौता, ८.७५ हेक्टर वापतको रकम भुक्तानी भईसकेको |
| १३ | फलफूल (सुन्तला) बालीको क्षेत्रफल विस्तार कार्यक्रम | १५.१५ हे. क्षेत्रफलका लागि १३ वटा सम्झौता |
| १४ | कृषि यान्त्रिकरण सहयोग कार्यक्रम | ९४ वटा सम्झौता, ५३ मिनिटिलर, ५५ क्यारेट, ७ स्प्रे टंकी, १२ डिजिटल तराजुको रकम भुक्तानी भईसकेको |
| १५ | प्लाष्टिक घर निर्माण सहयोग कार्यक्रम | ९० वटा सम्झौता, १४ वटा निर्माण सम्पन्न भई भुक्तानी भईसकेको |

## आ.व. २०८२/८३ को तेश्रो तथा नौ महिना अवधिमा सम्पन्न हुन नसकेका क्रियाकलापहरु

| क सं | कार्यक्रम / क्रियाकलाप | एकाइ | लक्ष्य परिमाण | प्रगति परिमाण | नपुग परिमाण | कारण |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई पूर्वाधार निर्माण तथा मर्मतसुधार | संख्या | ३५ | २५ | १० | हालसम्म ५१ वटा सिंचाई पूर्वाधार,७२ वटा स्थायी प्लाष्टिक घर,३ वटा डिपिङ्ग ट्याङ्क, १४वटा खोर र ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | स्थायी प्लाष्टिक घर निर्माण | संख्या | ५० | १४ | ३६ | वटा उद्यमशीलता विकास अन्तर्गत निर्माणका कार्यक्रमहरु सम्पन्न भईसकेका भएता पनि कार्यालयमा सुर्खेत र दैलेख जिल्ला हेर्ने गरी १ जना मात्र कृषि ईन्जिनियर रहेकाले निर्माण सम्पन्न भएका पूर्वाधारहरुको ईन्जिनियर भरिफिकेसन समयमै गर्न नसकिएकाले लक्ष्य अनुरुप प्रगति अपुग भएको। उल्लिखित सम्पूर्ण क्रियाकलाप बाहेक कृषि यान्त्रिकरण अन्तर्गतका कार्यक्रममा समेत कृषि ईन्जिनियरको भेरिफिकेसनको आवश्यकता रहने। |
| ३ | डिपिङ्ग ट्याङ्क निर्माण | संख्या | ५ | ० | ५ | |
| ४ | उन्नत प्रविधिको बाखा खोर निर्माण | संख्या | १५ | ० | १५ | |
| ५ | उद्यमशीलता विकास कार्यक्रम | संख्या | ५ | १ | ४ | |
| ६ | तरकारी क्षेत्रविस्तार | हेक्टर | ५० | ९ | ४१ | तरकारी जोनको लाभग्राही छनौट कार्तिक महिनामा भएको,सो समयसम्म दैलेखका अधिकांश भूभाग र बराहताल गाउँपालिका, सुर्खेतको तरकारी खेती गर्ने सिजन सकिईसकेको, उल्लिखित क्षेत्रहरुमा वैशाख-जेष्ठमा तरकारी क्षेत्रविस्तारको क्रियाकलापहरु सञ्चालन हुने, सुर्खेत जिल्लाअन्तर्गत १३ हे. मात्र क्षेत्रविस्तारको सम्झौता भएको |
| ७ | मकै वीजवृद्धि कार्यक्रम | हेक्टर | १२ | ० | १२ | मकै जोन क्षेत्र अन्तर्गका कृषकहरुले गहुँ काटेर मकै लगाउनाले केही ढिलाई भएको, हालसम्म वीजवृद्धि अन्तर्गत ९.२५ हे. एवम् ५०% अनुदानमा उन्नत मकै वीउ वितरण कार्यक्रम अन्तर्गत २२.५ हे. वापतको अनुदान रकम भुक्तानीका लागि कार्यालयमा निवेदन पेश भईसकेको, स्थलगत प्रमाणिकरणको चरणमा रहेको |
| ८ | ५०% अनुदानमा उन्नत मकै वीउ वितरण | हेक्टर | ४० | ० | ४० | |

**<u>ऐन,नियम तथा निर्देशिकाहरुको सूची</u>**

परियोजना कार्यान्वयन म्यानुअल २०७७ (पहिलो संशोधन २०८१)
कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधी, २०८१
कृषि उपज भण्डारण घर निर्माण कार्यन्वयन कार्यविधि - २०७५
बाली उपचार शिविर कार्यक्रम संचालन कार्यविधि २०८१
कृषि डायरी २०८१
निजी-फलफूल-नर्सरी-सुदृढिकरण-कार्यक्रम-सञ्चालन-कार्यविधि-२०८१
पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
जीवनाशक विषादी ऐन, २०४८

सूचना अधिकारी